**शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८३।०२।०६ गतेको बैठकका निर्णयहरुः**

**शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८३।०२।०६ गतेको बैठकका निर्णयहरुः**

१. अघिल्लो कार्यपालिकाले गरेका विभिन्न निर्णयहरुको समिक्षा गरी आगामी दिनहरुमा निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सबै पक्षले आ-आफ्नो स्थानबाट भूमिका खेल्ने निर्णय गरियो ।

२. शुद्धोदन गाउँपालिकाको वडा नं. १ वेलवा सामुदायिक भवन तथा समयमाई मन्दिर मर्मत, रंगरोगन तथा हेण्डपाइप जडान गर्न वार्षिक विकास कार्यक्रमको पेज नं. १३७ क.सं. ८८ मर्मत संभार कोषबाट भुक्तानी हुने गरी रु. १,५०,०००।— रकम व्यवस्था गर्ने निर्णय गरियो ।

३. शुद्धोदन गाउँपालिका निजी जग्गाबाट माटो उत्खनन् गर्दा सबै सँधियारको सहमती नभएको खण्डमा भौतिक संरचना निर्माण भएमा १५ फिट, भौतिक संरचना नभएको खण्डमा १० फिट र कुलो, घोलो सार्वजनिक जग्गा लगायतमा १० फिट, खोला किनारबाट १०० मिटर जग्गा छोडी अनुमती दिने गरी शुद्धोदन गाउँपालिकाको निजी जग्गाबाट माटो उत्खनन् सम्बन्धी कार्यविधि २०७७ संशोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

४. शुद्धोदन गाउँपालिकाको वर्षे अधिवेशनको गाउँसभाको बैठक २०८३।०३।०३ गते १ बजे गाउँपालिकाको सभाहलमा बस्ने निर्णय गरियो ।

५. शुद्धोदन गाउँपालिका वडा नं. २ मा रहेको **हिरापुर भुमिगत जल उपभोक्ता समितिको** डिप ट्युववेलको मोटर जलेर नष्ट भएकोले मर्मत गरी सञ्चालनमा ल्याउन वार्षिक विकास कार्यक्रमको पेज नं. १३७ को क.सं. ८८ मर्मत संभार कोष शिर्षकबाट भुक्तानी हुने गरी रु. २ लाख ३० रकम उपलब्ध गराई ७० प्रतिशत लागत साझेदारीमा मर्मत गर्ने निर्णय गरियो ।

६. शुद्धोदन गाउँपालिकाको वडा नं. २ को कार्यालय मर्मत संभार तथा ए.सी. जडान गर्न वार्षिक विकास कार्यक्रमको पेज नं. १३७ को क.सं. ८८ मर्मत संभार कोष शिर्षकबाट भुक्तानी हुने गरी रु. २ लाख ५० रकम उपलब्ध गराई मर्मत गर्ने निर्णय गरियो ।

७. सामुदायिक विकास कोष, लाई अध्ययन अवलोकन भ्रमणको लागि वार्षिक विकास कार्यक्रमको पेज नं. १२९ सि.नं. १०४ अध्ययन अवलोकन भ्रमण (स्वास्थ्य संस्था तथा पालिका स्तरिय) बाट रु. ४२,५८०।— रकम उपलब्ध गराउने निर्णय गरियो ।

८. शुद्धोदन गाउँपालिकामा भएको कृषि उत्पादनलाई प्रवर्द्धन गर्ने गरी डकुमेन्ट्र निर्माण गर्न वार्षिक विकास कार्यक्रमको पेज नं. १३० क.सं. ११६ र ११७ विविध खर्च (गाउँपालिका स्तरीय) बाट भुक्तानी हुने गरी रु. ९५,०००।— रकम विनियोजन गरी डकुमेन्ट्र निर्माण गर्ने निर्णय गरियो ।

९. शुद्धोदन गाउँपालिका वडा नं. ४ मा रहेको न्यु शिवशक्ति युवा क्लवल मिति २०८२ साल चैत्र १८ देखि २० गतेसम्म आयोजना गरेको दोस्रो भेट्रान्स पुरुष भलिबल प्रतियोगिता कार्यक्रमको लागि गाउँपालिकाको वार्षिक विकास कार्यक्रम पेज नं. १२८ क. सं. ७४ शारिरीक तन्दुरुस्ती योगा तथा खेलकुद प्रबर्द्धन कार्यक्रम शिर्षकबाट रु. ५०,०००।— रकम उपलब्ध गराउने निर्णय गरियो ।

**शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८३।०२।०६ गतेको बैठकका निर्णयहरु:**

१०. शुद्धोदन गाउँपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार भुजौलीदेखि कोलुवा जाने सडक निर्माण, वडा नं. २ (Contract no. NCB/SRM/17/081-082) को श्री सनलाईट कन्स्ट्रक्सन, लु.साँ.न.पा-०५, रुपन्देही संग सम्झौता भई कार्य गरिएकोमा हाल उक्त ठेक्का अन्त्य समेत गरिसकिएको छ । निर्माण कार्यको त्रुटी सच्याउन र बाँकी रहेको काम सम्पन्न गर्न अपुग रकम रु. ५,०५,०००/०० (अक्षेरुपी पाँच लाख पाँच हजार मात्र) आ.व. २०८२/०८३ मा वार्षिक विकास योजना किताबको पेज नं.१३७, क्र.सं. ८८, मर्मत संभार कोषबाट भुक्तानी हुनेगरी बजेट बिनियोजन गरी तत्काल कार्यान्वयन गर्ने । साथै भुजौलीदेखि कोलुवा जाने सडक निर्माण, वडा नं. २ (Contract no. NCB/SRM/17/081-082) को Performance Bond को रकम रु.२,८५,०००/०० बाहेक निर्माण कार्यको त्रुटी सच्याउन र बाँकी रहेको काम सम्पन्न गर्न लाग्ने रकम श्री सनलाईट कन्स्ट्रक्सन, लु.सॉ.न.पा-०५, रुपन्देही सँग सरकारी बाँकी सरह असुल गर्ने निर्णय गरियो ।

११. शुद्धोदन गाउँपालिकाको रोजगार सेवाकेन्द्र मार्फत योजना सम्झौता भएर संचालन भएका खानेपानि पाईपलाईन विस्तारको योजनाहरू हालको मूल्य वृद्धिको समस्याले पाईपलाईन खरिद प्रकृयामा समस्या भएकोले खाने र न्युनतम रोजगारीको काम गर्ने लाभग्राही खालि वस्नु पर्ने अवस्था सृजना भएकाले वडा कार्यालयहरूको सिफारिस तथा स्थानिय कार्यक्रम कार्यान्वयन समितिको निर्णय बमोजिम खानेपानि पाईपलाईन विस्तार योजना भएका वडाहरूमा पाइप उपलब्ध नहुँदा सम्म तपसिल बमोजिमका योजनाहरूमा सम्झौता गराई न्यूनतम रोजगारी कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

तपसिल

| वडा नं. | योजना |
|---|---|
| २ | १. सतह कुलो सरसफाई-<br>२. पार्क तथा सार्वजनिक स्थलमा सरसफाई |
| ५ | १. कुलो, सडक तथा शुद्धोदन पार्कको सरसफाई |
| ६ | १. मुख्य सडक, कुलो, पैनी, भैलुभुज नहर मर्मत तथा निर्माण सम्बन्धी कार्य |
| ७ | १. भै.लु.भु.ज. नहर सरसफाई- खुनगावाँ<br>२. नयाँ नाली निर्माण -गोगौली<br>३. बुद्धसर्किट बाटो झाडी तथा नाली सरसफाई-सिसवा |



CamScanner

शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८३।०२।०६ गतेको बैठकका निर्णयहरु:

१२. शुद्धोदन गाउँपालिकाले मिति २०८३।०१।२९ गते प्रकाशित आशयको सुचना अनुसार शुद्धोदन गाउँपालिकाका विभिन्न स्थानहरुबाट नदीजन्य पदार्थ उत्खनन् गर्न गरेको आय सम्वन्धि ठेक्काहरुको यस गाउँपाललिकाको मूल्याङ्कन समितिको सिफारिस अनुसार तपसिल अनुसारका प्रस्तावकहरुलाई तपसिल अनुसारको परिमाणमा तोकिए अनुसारको रकममा उपलब्ध गराउन आय सम्वन्धि ठेक्का स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | ठेक्का नं. | उत्खनन् गरिने नदी र घाटको नाम | उत्खनन् गर्नुपर्ने परिणाम (घ.फि.) | न्यूनतम कबोल रकम रु. (मू.अ.कर बाहेक) | कबोल रकम रु. (मू.अ.कर बाहेक) | Percentage above | फर्मको नाम तथा ठेगाना |
|---|---|---|---|---|---|---|---|
| १ | आय/१३/०८२-८३ (INCOME /SRM/13/082-83) | दानव नदीको धनौरा घाट, वडा नं. ६ | ८४८८४६.५४ | १२७३२७०४.१ | २६५४३४४३ | २०८.४७ | एन.डि. सप्लायर्स, तिलोत्तमा-१४, रुपन्देही । |
| २ | आय/१४/०८२-८३ (INCOME /SRM/14/082-83) | दानव नदीको सिसवा र बोहरवा घाट, वडा नं. ७ | १०२०७५२.५ | १५३११२८७.५ | ३२४२९३१० | २११.८० | शोभालक्ष्मी कन्स्ट्रक्सन, सिद्धार्थनगर-१२, रुपन्देही |
| ३ | आय/१५/०८२-८३ (INCOME /SRM/15/082-83) | दानव नदीको मधुवनी घाट, वडा नं. ७ | २८७४१५.२ | ४३११२२८ | ९३५५३६४.७६ | २१७.०० | शिल्पी कन्स्ट्रक्सन प्रा.लि. काठमाडौं-२९, काठमाडौं |
| | Total | | | ३२३५५२१९.६ | ६८३२८११७.७६ | | |

१३. शुद्धोदन गाउँपालिकाको परिसर भित्र सञ्चालनमा रहेको क्यान्टिन संचालकले वर्तमान समयमा मूल्य वृद्धि भएको कारणले खाना तथा खाजाको दररेट बढाउन अनुरोध गरेकोले मिति २०८३।०२।०७ गते देखि तपसिल अनुसार दररेट तोक्ने निर्णय गरियो ।

तपसिल

**चमेना गृह बाट उपलब्ध गराउनुपर्ने खाना/खाजाका परिकारहरुको इकाइ अनुसार मूल्य सूची**

| क्र.सं. | खाना/खाजाका परिकारहरु | इकाइ प्रति | साविक मूल्य | हालको मूल्य |
|---|---|---|---|---|
| क. | खाना | | | |
| १ | भेज खानाः भात, दाल, तरकारी, साग, अचार, सलाद (न्युनतम सावा चामल गुणस्तर | सेट | १४० | १८० |

शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८३।०२।०६ गतेको बैठकका निर्णयहरुः

| क्र.सं. | खाना/खाजाका परिकारहरु | इकाइ प्रति | साविक मूल्य | हालको मुल्य |
|---|---|---|---|---|
| | भएको) | | | |
| २ | चिकन खानाः भात, दाल, चिकन (न्युनतम ४ पिस) तरकारी, साग अचार, सलाद (न्युनतम सावा चामल गुणस्तर भएको) | सेट | २०० | २५० |
| ३ | माछा खानाः भात, दाल, माछा (न्युनतम २ पिस) तरकारी, साग अचार, सलाद (न्युनतम सावा चामल गुणस्तर भएको) | सेट | २०० | २५० |
| ४ | मटन खानाः भात, दाल, मटन (न्युनतम ४ पिस) तरकारी ,साग अचार,सलाद (न्युनतम सावा चामल गुणस्तर भएको) | सेट | २५० | ३०० |
| ख | खाजा/नास्ता | | | |
| १ | भेज मो मो | प्लेट | ८५ | १०० |
| २ | चिकन मो मो | प्लेट | १३० | १३० |
| ३ | भेज चाउमिन | हाफ | ५० | ५० |
| ४ | चिकन चाउमिन | हाफ | ७० | ८० |
| ५ | अण्डा चाउमिन | हाफ | ६० | ७० |
| ६ | गहुँको रोटी/पुरी,सब्जी दही अचार (प्रति प्लेट ३ पिस साथै थप प्रति पिस रु १०) | प्लेट | ६५ | ७५ |
| ७ | चिकन खाजा सेटः न्युनतम ४ पिस चिकन, चिउरा, भट्ट, सलाद, चट्नी | प्लेट | १२५ | १५० |
| ८ | मटन खाजा सेटः न्युनतम ४ पिस मटन, चिउरा, भट्ट, सलाद, चट्नी | प्लेट | १८० | १९० |
| ९ | जेरी/सेल | पिस | १५ | २० |
| १० | समोसा मटर | हाफ | ३० | ४० |
| ११ | समोसा/पकौडा | पिस | १० | १५ |
| १२ | आलु परौठा | पिस | २५ | ३० |

शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८३।०२।०६ गतेको बैठकका निर्णयहरुः

| क्र.सं. | खाना/खाजाका परिकारहरु | इकाइ प्रति | साविक मूल्य | हालको मुल्य |
|---|---|---|---|---|
| १३ | मौसमी फलफुल | प्लेट | ६० | ७० |
| ग | अन्य | | | |
| १ | उमालेको अण्डा | पिस | ३० | ३० |
| २ | चना | हाफ | २५ | ३० |
| ३ | लेमन चिया | कप | १५ | १५ |
| ४ | दुध चिया | कप | २० | २० |
| ५ | कफी दुध | कप | ३० | ४० |
| ६ | दहीः स्टिलको medium कचौरा | कचौरा | २५ | ३० |
| ७ | दुध (२००ml) गिलास | गिलास | २५ | ३० |
| ८ | लस्सी | गिलास | ८० | १०० |